# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय

## सवारी साधन भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७३।०४।३१**

यस बैंकको सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नोटकोष/भा.रु.कोष रहेका बैंक शाखाहरु, नेपाल राष्ट्र बैंक थापाथली र अन्य कार्यालयहरुमा गरिने तोडाचलान **(Fund Transfer)** कार्यको लागि आवश्यक परेका बखत बस भाडामा लिनुपर्ने भएकोले सवारी साधन भाडामा दिन इच्छुक सरकारी वा गैरसरकारी संस्थाको कालोसूचीमा नपरेका बस व्यवसायी व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) बैंकिङ्ग कारोवार समय ४.०० बजेभित्र यस बैंकको सिद्धार्थनगर कार्यालय, सिद्धार्थनगरबाट पछि फिर्ता नहुने गरी रु.५००।- (अक्षरेपी पांच सय मात्र) तिरेर खरिद गर्न सकिनेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) कार्यालय समयभित्र यस बैंकको सिद्धार्थनगर कार्यालयमा सिलवन्दी दरभाउपत्र दाखिला गरीसक्नु पर्नेछ । यस कार्यालयवाट खरिद गरेको, आधिकारिक दस्तखत र छाप भएको फारममा सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो ३:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. दरभाउपत्र पेश गर्नेले दरभाउपत्रसाथ यातायात व्यवस्था विभाग लगायतका सम्बन्धित निकायहरुमा दर्ता भएको र नवीकरण गरेको प्रमाणपत्र लगायतका अन्य प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

५. दरभाउपत्रसाथ विडवण्ड वापत रु.४५,०००।- (अक्षरेपी पैंतालिस हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (१९०९९९/०११/००२/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले पचहत्तर दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

६. दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

७. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालय, आन्तरिक प्रशासन फांट (फोन नं.०७१-५२०२६८) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय